# युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड

पोखरा लेखनाथ महानगरपालिका वाड नं. १७, कास्की
Email : unitedidimardi7mw@gmail.com
Website : www.idimardihydro.com.np

## ११ औ वार्षिक साधारण सभाको निर्णय माइन्युट

**पुष्ठभूमी :**

यस युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको ११ औ वार्षिक साधारण सभा मिति २०७७।१२।२० गते (तद्अनुसार April 02, 2021) शुक्रबार बिहान दिनको ११:०० बजे होटल साँग्रिला भिलेज, पोखरा, कास्कीमा सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी. ज्यूको अध्यक्षतामा बस्यो ।

सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चालत् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले ११ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

११ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०७७।११।२८ गते र २०७७।१२।१४ गते को राष्ट्रिय दैनिक राजधानी पत्रिकामा प्रकाशित गरी सबै शेयरधनी महानुभावहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि मा समेत जानकारी गराइएको थियो ।

**२) उपस्थिति :**

**क) सञ्चालक तथा पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री प्रकाश के.सी. | अध्यक्ष |
| २. श्री रोशन के.सी. | प्रबन्ध निर्देशक |
| ३. श्री सुनिल नारायण श्रेष्ठ | कार्यकारी सञ्चालक |
| ४. श्री किरण के.सी. | सञ्चालक |
| ५. श्री विश्व प्रकाश गौतम | सञ्चालक |
| ६. श्री निरज पौड्याल | कम्पनी सचिव |

United Idi Mardi & RB Hydropower Ltd. * Pokhara *

ख) विभिन्न निकायका प्रतिनिधिहरु :

१. श्री दल वहादुर गुरुङ्ग — शेयरधनी तथा समाज सेवी

२. श्री दुर्गा बहादुर क्षेत्री — शेयरधनी तथा वडा अध्यक्ष माछापुच्छे गा.पा वडा नं ९

ग) शेयरधनीहरु :

यस वार्षिक साधारण सभामा कुल शेयरधनीहरु मध्ये ८७ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

३) सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कम्पनीको शेयरधनी संख्या | ६५,१०४ जना | ८७ जना | - | ८७ जना | ०.१३% |
| कम्पनीको शेयर कित्ता | ४२,००,००० कित्ता | २४,११,३६० कित्ता | - | २४,११,३६० कित्ता | ५७.४१% |

४). सभाको बैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावलि बमोजिम वार्षिक साधारण सभा संचालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा संचालन गर्ने अनुमति अध्यक्ष ज्यूवाट प्राप्त भयो । शेयरधनी महानुभावहरुवाट पनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूचि, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन र आ.व. २०७६/०७७ को वार्षिक आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष वितरण गरियो । साधारण सभामा निम्न विषयहरुमा विस्तृत छलफल गरी देहाय बमोजिमको निर्णय पारित भयो ।

५) शोक प्रस्ताव पारित :

यस कम्पनीका संस्थापक अध्यक्ष श्री सूर्य बहादुर के.सी. ज्यूको मिति २०७७/०७/१७ गते असामयीक निधन भएको हुँदा यस कम्पनीका सञ्चालक, कर्मचारी तथा शुभचिन्तकहरु मर्माहित तथा शोकाकुल भएका छौ । वेदनाको यस अश्रुपूर्ण घडीमा दिबंगत आत्माको

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

चिरशान्तीको लागि ईश्वरसँग प्रार्थना गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछौ । स्व: श्री सूर्य बहादुर के.सी. ज्यूले यस कम्पनीको संस्थापना गदै यहाँ सम्म ल्याई पुऱ्याउनुहुन गर्नुभएको योगदानको उच्च सर्हना गदै वँहाको सम्झनामा यहा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई आ–आफ्नो स्थानमा उभिएर १ मिनेट मौन धारण गरी शोक प्रस्ताव पारित गरीयो ।

**६) छलफलका लागि प्रस्तावित विषयहरु :**

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएका थिए ।

**क) साधारण प्रस्तावः**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू वाट प्रस्तुत हुने आ.व.२०७६।०७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६।७७ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०७७।०७८ को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियूक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समितिमा संस्थापक शेयरधानीको तर्फवाट ५ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फ बाट १ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

२. प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**ग) विविध**

**७) सभा संचालन तथा प्रस्ताव उपर छलफल :**

सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी. ज्यूले लिखित मन्तव्य सहित सञ्चालक समितिको तर्फवाट आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । सभामा प्रस्तुत वार्षिक प्रतिवेदनको वाचन पश्चात आ.व. २०७६/०७७ को वार्षिक आर्थिक विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धमा सभामा उपस्थित संस्थापक शेयरधनी तथा समाज सेवी आदरणीय व्यतित्व श्री दल बहादुर गुरुङ्गज्यू र शेयरधनी तथा माछापुच्छ्रे गाँउपालीका वडा नं. ९ का

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

अध्यक्ष श्री दुर्गा बहादुर क्षेत्रीज्यूले विभिन्न विषयहरुमा सुझाव दिदै वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

## ८) सभाबाट पारित निर्णयहरु :

### क) साधारण प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूवाट प्रस्तुत भएको आ.व.२०७६।०७७ को वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६।७७ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको आर्थिक वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

३. कम्पनीको ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७७।०७८ को लेखापरीक्षण गर्नेको लागी लेखापरीषक श्री Pramod Panthi & Associates, chartered Accounts, लाई लेखापरीक्षक नियूक्ति गर्ने एंव निजको पारिश्रमिक कर वाहेक रु १,००,००० । (अक्षरुपी एक लाख मात्र) दिने निर्णय सभावाट पारित भयो ।

४. यस साधारणसभा वाट संस्थापक शेयरधनीहरुको समुह तर्फ वाट प्रतिनिधित्व गर्ने ५ जना र सर्वसाधारण शेयरधनीहरुको समुह तर्फ वाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम र त्यसको परिमाणमका सम्बन्धमा सभालाई जानकारी गराईदिनको लागी कम्पनी सचिवले निर्वाचन अधिकृत अधिवक्ता श्री दिपक सिंह विष्ट ज्यूलाई अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले संस्थापक शेयरधनीहरुको समुह तर्फ वाट प्रतिनिधित्व गर्ने ५ जना र सर्वसाधारण शेयरधनीहरुको समुह तर्फ वाट प्रतिनिधित्व गर्ने १ जना संचालक पदको लागि निर्वाचनको कार्यक्रम मिति २०७७।१२।१३ मा प्रकाशित गरी निर्वाचनको प्रक्रिया शुरु गरिएकोमा उमेद्वारी दर्ताको लागि तोकिएको मिति २०७७।१२।१५ मा संस्थापक शेयरधनीहरुको समुह तर्फ वाट शेयरधनी श्री प्रकाश के.सी., श्री रोशन के.सी., श्री सुनिल नारायण श्रेष्ठ, श्री किरण के.सी. र विश्व प्रकाश गौतम सहीत पाच जनाको उम्मेदवारी परेको तथा सर्वसाधारण शेयरधनीहरुको समुह तर्फ वाट शेयरधनी श्रीमती किशोरी कार्की गोदारको एक मात्र उम्मेदवारी परेको र सो उम्मेदवारी उपर कसैको पनि दावी विरोध नपरेको व्यहोरा सभालाई जानकारी गराउदै संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको समुह तर्फ वाट तपसील बमोजिम्का व्यक्तिहरु चार वर्षको कार्यकालको लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो र निर्वाचित उमेद्वारहरुलाई उहाँको कार्यकालको सफलताको शुभकामना दिनु भयो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

| सि.नं. | नाम | पद | समुह |
|---|---|---|---|
| १. | श्री प्रकाश के.सी. | सञ्चालक | संस्थापक शेयरधनी |
| २. | श्री रोशन के.सी. | सञ्चालक | संस्थापक शेयरधनी |
| ३. | श्री सुनिल नारायण श्रेष्ठ | सञ्चालक | संस्थापक शेयरधनी |
| ४. | श्री किरण के.सी. | सञ्चालक | संस्थापक शेयरधनी |
| ५. | श्री विश्व प्रकाश गौतम | सञ्चालक | संस्थापक शेयरधनी |
| ६. | श्रीमती किशोरी कार्की गोदार | सञ्चालक | सर्वसाधारण शेयरधनी |

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ मा रहेको कम्पनीको **रजिष्टर्ड कार्यालय कास्की जिल्ला  पोखरा लेखनाथ म.न.पा वार्ड न.१७, घारीपाटन** लाई देहाय बमोजिम हुनेगरी संशोध गर्ने बिषेश प्रस्तावलाई पारीत गर्ने निर्णय गरीयो साथै सँसोधित दफा तथा नियम अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने विशेष प्रस्ताब पारीत गरीयो ।

**संशोधित प्रबन्धपत्र तथा नियमावली**

**प्रबन्धपत्र को दफा २ तथा नियमावलीको नियम २ :- कम्पनीको रजिष्टर्ड कार्यालयरहने ठेगाना**

प्रस्ताव नं १ उपर छलफल गर्दा कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ बमोजिम यस कम्पनीको रजिष्टर्ड कार्यालय कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा वार्ड न.१७, घारीपाटन मा रहनेछ भन्ने मात्र उल्लेख गरिएकोमा **उक्त दफामा कम्पनीको रजिष्टर्ड कार्यालय कास्की जिल्ला  पोखरा लेखनाथ म.न.पा वार्ड न.१७, घारीपाटन मा रहनेछ, र कर्पोरेट कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालीका वा.न. १, कुपण्डोल मा रहने छ ।** भन्ने शब्दावली थप गर्ने गरी प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने र उक्त कार्यको जानकारी कम्पनी रजिष्टारको कार्यालयलाई दिने सम्बन्धमा सभाले सर्वसम्मतीले निर्णय गरीयो ।

२. कम्पनीको स्वीकृत प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएको खण्डमा प्रचलित कम्पनी ऐनसँग नबाझिने गरी गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मती बाट पारित भयो ।

United Idi Mardi & RB Hydropower Ltd. * Pokhara *

ग) विविध

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

९) सभा विसर्जन :

कम्पनी सचिवले साधारण सभाको निर्धारित बिषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हँदा अध्यक्षज्यूलाई ११औं वार्षिक साधारण सभा अन्त भएको घोषणा गदै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले सभामा दिनुभएको राय सुझावहरुलाई मनन गर्दे सकारात्मक सुझावहरुलाई ग्रहण गरी कम्पनीको आगामी दिनमा व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । अध्यक्षज्यूले शेयरधनी महानुभाव, स्थानिय सरोकारवाला तथा जनप्रतिनिधीहरुसँग हातेमालो गदै आयोजना संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । यस कम्पनीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई राम्रो प्रतिफल प्रदान गर्न सक्षम बनाउने जानकारी दिएर वार्षिक साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्नु भयो ।

साथै अन्त्यमा अध्यक्षज्यूले कम्पनीको ११ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समीतिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै ११ औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

साधारण सभा दिउसो २:३० बजे बिसर्जन भएको थियो ।

| | | | |
|---|---|---|---|
| निरज पौड्याल | सुनिल नारायण श्रेष्ठ | रोशन के.सी. | प्रकाश के.सी. |
| (कम्पनी सचिव) | (कार्यकारी सञ्चालक) | (प्रबन्ध निर्देशक) | (अध्यक्ष) |